# डोल्पो बुद्ध गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

### धो, डोल्पा

डोल्पो बुद्ध गाउँपालिकाको तेस्रो गाउँसभा

आ.व. २०७५।०७६ वार्षिक नीति कार्यक्रम तथा, वजेट

२०७५ साल असार १०

डोल्पो बद्ध गाउँपालिकाको तेस्रो गाउँसभाका

सभा अध्यक्ष,

प्रमुख अतिथि,

विशेष अतिथि,

उपस्थित सम्पूर्ण अतिथगण,

गाउँसभाका सदस्यहरु,

सम्पूर्ण कर्मचारीहरु तथा

उपस्थित सम्पुर्ण बुबा, आमा, दाजु भाई तथा दिदीबहिनीहरु,

नेपालको संविधान २०७२ अनुसार व्यवस्थापकिय, कार्यपालिकिय, र न्यायीक अधिकार सहित स्थानिय सरकार को रुपमा केही अन्यौलताका वावजुद पनि हाम्रा विविध कार्यहरु गर्दै आएको एक वर्ष पुरा भएको छ । यस गाउँसभामा न्यून जनशक्ति, जनतामा चेतनाको कमी भौगोलिक विकट्ता, यातायातको असुविधा, फोन, इन्टरनेट जस्ता संचार सुविधाको कमिका कारण सोचे जस्तो प्रगति हुन नसकेको र कर्मचारीबाट जनउत्तरदायी भएर काम अगाडी वढाइरहेका छौं । शिक्षा, स्वास्थ्य र पूर्वाधारका हिसावले नेपालकै र अझ भन्नु पर्दा डोल्पाकै पनि सबै भन्दा पछाडि परेको यस गाउँपालिकालाई शिक्षा, स्वास्थ्य र पूर्वाधार निर्माणमा अघि बढाउन यहाँहरु सबैको साथ सहयोगको अपेक्षा गरिएको छ । स्थानीय तहले आफै आफ्नो क्षेत्रभित्र लगाउने कर, शुल्क तथा राजश्वको दर निर्धारण गर्ने, वर्षभरी प्राप्त हुने राजश्वको अनुमान गर्ने, प्राप्त हुने अनुदान तथा अन्य स्रोतको प्रक्षेपण गर्ने, बजेट सीमा निर्धारण गर्ने, स्थानीय तहका गाउँ, बस्ती, टोल हुँदै वडा समिति र विषयगत समितिमा कार्यक्रम तथा योजनाहरुको वृहत छलफल पश्चात कार्यपालिकाले स्वीकृतीका लागि सभामा पेश हुन आएको डोल्पो बुद्ध गाउँपालिकाको दोस्रो वर्षको वार्षिक नीति तथा कार्यक्रम साथै बजेट घोषणा गर्न पाउँदा म निकै गौरवान्वित छु ।

उपस्थित सम्पुर्ण महानुभावहरु,

अब म यस डोल्पो बुद्ध गाउँपालिकाको नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

१. अवका दिनमा डोल्पो बुद्ध गाउँपालिकाको स्थानीय सरकारले विकट भौगोलिक अवस्थितिमा रहेको यस गाउँपालिकामा सर्वसाधारण जनताले प्रत्यक्ष अनुभुती गर्ने खालका योजना तर्जुमा गर्ने, स्थानीय जनतालाई योजना तर्जुमा साथै कार्यान्वयनमा प्रत्यक्ष सहभागी गराउने, माग र आवश्यकताको आधारमा कार्यक्रम तथा विकास गतिविधिहरु सञ्चालन गरी यस क्षेत्रका जनताको चरम गरिवी न्युनीकरण गर्ने प्रमुख नीति लिएको छ ।

२. यस गाउँपालिकामा पुर्वाधार विकास गरी समृद्ध बनाउने क्रममा क्रमश : गाउँपालिका क्षेत्रभित्र रहेका काठेपुलहरुलाई विस्थापित गर्दै झोलुंगे पुल निर्माण तर्फ ध्यान केन्द्रित गरिनेछ ।

३. डोल्पो बुद्ध गाउँपालिकामा कृषि अन्न तथा बालीहरु उत्पादनको लागि मौसम प्रतिकुल छ । वर्षको ६।७ महिनासम्म हिउँ जम्ने, जनताहरु पनि मौसमी रुपमा बसाईसराई गर्ने गरेको अवस्थामा यस क्षेत्रमा अनुकुल समयमा उत्पादन हुने आलु, गहुँ, उवा, फापर लगायतका अन्नको उत्पादन बढाउने तर्फ आवश्यक कार्यक्रमहरु ल्याइनेछ ।

४. डोल्पो बुद्ध गाउँपालिकाको सम्पुर्ण क्षेत्र नेपालको उत्कृष्ट पर्यटकीय गन्तव्य हो । यस क्षेत्रमा रहेका ऐतिहासिक गुम्बाहरुको संरक्षण गरिनेछ । धो तराप हुदै शे फोक्शुण्डो, धो साल्दाङ र छार्का जोड्ने विदेशी पर्यटकहरुको लागि पर्यटकीय मार्गहरुको सुधार गरिनेछ ।

५. उर्जा क्षेत्रमा यस गाउँपालिकामा हाल सम्म सुन्यमा रहेकोले उर्जा प्रयोग मार्फत यस गाउँपालिकालाई समृद्ध बनाउन वडा नं. ४, ५, ६ को लागि मे खोला लघु जलविधुत आयोजनालाई तिव्र रुपमा अघि बढाउने र वडा नं. १, २, ३ को लागि उपयुक्त स्थानमा यसै पर्ष D.P.R तयार गरी आयोजना निर्माण कार्य अघि बढाई ५ वर्ष भित्र डोल्पो बुद्ध गा.पा.लाई अंधेरोमुक्त गा.पा. बनाउने निति लिइएको छ ।

६. आजको युग सुचना र सन्चारको युग हो । सुचना र सन्चार प्रविधि बिना समृद्धिको परिकल्पना गर्न सकिँदैन । यस वडा नं. ४, ५, ६ को लागि नेपाल टेलिकमको जि एस एम (GSM) टावर राखी मोबाईल सेवा सुचारु गर्ने तर्फ समेत पहल गरिनेछ । वडा नं. १, २, ३ को धो, मा जडान भएको जि एस एम टावरको क्षमता वृदि गरी इन्टरनेट सहितको सूचना प्रविधिको विकास गर्न सम्बन्धित निकायमा पहल गरीने छ ।

७. यस क्षेत्रमा रहेका अल्पसंख्यक, अपांग, महिला लगायत लक्षित वर्गका लागि सशक्तिकरण गर्ने खालका कार्यक्रमहरु ल्याइनेछ । लैगिक विभेद मार्फत महिलाको स्थान समाजमा पुरुष भन्दा न्युन छ, उनीहरुलाई समाजको मूल धारमा ल्याउने, घरको निर्णय प्रक्रियामा महत्वपुर्ण भुमिका खेल्ने, आफुले सविधान तथा कानुनबमोजिम पाउने हक अधिकारबारे जानकारी गराउने लगायतका कार्यक्रमहरु सन्चालन गरिनेछ । अबको विकास अपांगमैत्री, महिलामैत्री, बालमैत्री बनाउने तर्फ नीति अवलम्बन गरिनेछ । अपांगता भएका बालबालिकाको लागि विद्यालयमा क्षात्रवृत्ति दिने, अपांगहरुलाई सरकारले दिने गरेको सामाजिक सुरक्षा बापतको रकम पाए नपाएको सम्बन्धमा एकिन गरी भत्ता सुनिश्चित गरिनेछ । आदिवासी जनजाति, लोपोन्मुख समुदाय तथा अल्पसंख्यकहरुलाई समेत विकासको मुलधारमा ल्याउन पहल गरिनेछ ।

८. सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने व्यक्तिहरुको फोटो सहितको विवरण आद्यावधिक गरिनेछ । साथै सामाजिक सुरक्षा रकम समयमा नै प्राप्त गर्ने व्यवस्था मिलाइनेछ ।

९. गाउँपालिका भित्रका जनतालाई सुरक्षित खानेपानीको प्रबन्ध मिलाउनका लागि पहल गरिनेछ । खानेपानीको अभाव भएका बस्तीहरुमा स्वच्छ खानेपानीको सुविधा उपलब्ध गराउने खानेपानी आयोजनाहरु सन्चालन गरिनेछ । साबिक खानेपानी तथा सरसफाई सब डिभिजन कार्यालयमार्फत सन्चालनमा रहेका बहुवर्षिय आयोजनाहरुलाई तोकिएकै समयमा सम्पन्न गर्न थप पहल गरिनेछ । फोहोरमैला व्यवस्थापन गर्ने, खानेपानीको शुद्धीकरण गरेर मात्र पिउने, सरसफाइमा ध्यान दिने संस्कारको विकास गर्ने कार्यक्रमहरु ल्याइनेछ ।

१०. यस क्षेत्रको जीवनबुटीको रुपमा रहेको महत्वपुर्ण जडिबुटी यार्सागुम्बा संकलन कार्यलाई थप व्यवस्थित गर्ने तर्फ पहल गरिनेछ । यस समयमा यार्सागुम्बा संकलन गर्न जाने व्यक्तिहरुको सुरक्षा, स्वास्थ्योपचार तर्फ ध्यान दिइनेछ । यार्सागुम्बाको व्यवस्थित बजारको खोजी गर्ने र उचित मुल्य प्राप्त गर्नका लागि पहल गरिनेछ । यस क्षेत्रमा पाइने महत्वपुर्ण तथा बहुमुल्य जडिबुटीहरुको संकलन, प्रशोधन र बजारीकरणका लागि विभिन्न निकायसँग सहकार्य र समन्वय गरी उचित व्यवस्था गर्ने तर्फ ध्यान केन्द्रित गरिनेछ ।

११. यस गाउँपालिका क्षेत्रमा ३ वटा विद्यालय सन्चालनमा रहेका छन् । ३ वटै आधारभुत विद्यालय आंशिक वैदेशिक अनुदानमा चलिरहेको पाइएको छ । यस क्षेत्रमा माध्यमिक शिक्षाका लागि विद्यालय नहुँदा समस्या सिर्जना भएकाले माध्यमिक विद्यालय खोल्नका लागि पहल गरिनेछ । विद्यालय भन्दा बाहिर रहेका बालबालिकालाई विद्यालय क्षेत्रभित्र ल्याउनका लागि भर्ना कार्यक्रमहरु, अभिभावकको लागि जनचेतना कार्यक्रमहरु ल्याइनेछ । शिक्षाको संरचना पनि गाउँपालिकामा आइसकेको छ । विद्यालय क्षेत्र विकास कार्यक्रम, सबैका लागि शिक्षा, जीवन पर्यन्त शिक्षा, प्रौढ शिक्षा, चेलीबेटी शिक्षा, युवा शिक्षा, लगायतका कार्यक्रमहरुलाई अगाडि ल्याइनेछ । बालबालिकाको लागि आउने दिवा खाजा कार्यक्रम, बालमैत्री स्थानीय शासन कार्यक्रम लगायत बालमैत्री विद्यालय, खेल्दै सिक्दै लगायतका कार्यक्रमहरुलाई समावेश गर्दै लगिनेछ । विद्यालयको पुर्वाधार विकास, वैदेशिक अनुदानलाई गाउँपालिका मार्फत ल्याउने, शिक्षकको पेशागत हकहित तथा कामप्रतिको प्रतिवद्धतामा वृद्धि गरी यस क्षेत्रको साक्षरता दर वृद्धि गर्नेतर्फ ध्यान केन्द्रित गरिनेछ ।

१२. जहाँका जनता स्वस्थ हुन्छन्, त्यस ठाउँको विकास छिटो हुन्छ भन्ने मान्यतालाई आत्मसात गर्दै यस क्षेत्रमा स्वास्थ्य सेवा अभिवृद्धि गर्नेतर्फ पहल गरिनेछ । गाउँपालिका क्षेत्रभित्रका स्वास्थ्य चौकि २ वटा, मात्र भएकोमा यस क्षेत्रमा स्वास्थ्य चौकि स्थापना गर्नका लागि पहल गर्नुका साथै स्वास्थ्य कर्मीको बसाईलाई टिकाइराख्न उचित कार्यक्रमहरु सुरुवात गरिनेछ । भोट क्षेत्रमा आम्ची चिकित्सालाई प्रोत्साहन गरिनेछ । नेपाल सरकारको नागरिक स्वास्थ्य बिमा कार्यक्रम, म स्वस्थ मेरो गाउँपालिका स्वस्थ जस्ता कार्यक्रमहरुलाई अगाडि ल्याइनेछ । उक्त स्वास्थ्य कार्यालयमार्फत भएका सम्पुर्ण कार्यक्रमलाई अक्षरश: पालना गरिनेछ । गाउँपालिकालाई पुर्ण खोप युक्त, पुर्ण सरसफाइ युक्त बनाउनाका साथै बाल मृत्युदर तथा मातृ मृत्युदर घटाउन महिला युवतीहरुको लागि यौन तथा एच.आइ.भि. एड्स, हेपाटाइटीस, शिक्षा, सरुवा रोगहरुको नियन्त्रणका लागि प्रचार प्रसार लगायतका कार्यक्रमहरु सन्चालन गरिनेछ ।

१३. प्रत्येक स्थानिय तहमा एक एक वटा बैंक स्थापना गर्ने निति ल्याइएपनि यस गाउँपालिका क्षेत्रमा बैंक तथा वित्तिय संस्थाहरु हाल सम्म सन्चालनमा छैनन् । साथै गाउँस्तरमा विभिन्न समुहमार्फत बचत गर्ने बानी बसाल्ने, ऋण लिएर लगानी गर्ने लगायतका कार्यमा सहजता ल्याउन स्थानीय स्तरमा सहकारी समुहहरु गठन गर्ने नीति लिइनेछ । बचत वृद्धि, पुँजी निर्माण , ऋण परिचालन मार्फत आम जनताको जीवनस्तरमा सुधार गर्ने तर्फ जोड गरिनेछ ।

१४. कार्यालयले आफै र आफ्नो मातहतका कार्यालयहरु मार्फत प्रवाह गर्ने सेवाको प्रभावकारिता, गुनासो व्यवस्थापन, सार्वजनिक सुनुवाई, सामाजिक परिक्षण, नागरिक वडापत्र, सुचनाको हकको प्रत्याभुति, पारदर्शिता, जवाफदेहिता, भ्रष्टाचार निवारण लगायतका कार्यहरु मार्फत सुशासन अभिवृद्धि गर्ने खालका कार्यहरुलाई उच्च प्राथमिकताका साथ कार्यान्वयन गर्दै लगिनेछ ।

१५. यस गाउँपालिका तथा अन्तर्गत काम गर्ने कर्मचारीहरुलाई काम गर्ने खालको वातावरण सिर्जना गरिनेछ, यस क्षेत्रमा कर्मचारी सँधै बस्ने, गाउँबासीको पीरमर्का सुन्ने, जनताको सेवाभाव जागृत गराउने र गाउँपालिकाका निर्णयहरुलाई अक्षरश: कार्यान्वयनमा ल्याउनका लागि तत्पर हुने अवस्थाको वातावरण सिर्जना गरिनेछ ।

१६. यस गाउँ क्षेत्रका युवाहरुमा बेरोजगारीको दर उच्च छ , सक्रिय जनसंख्याको हिस्सा उच्च हुँदा पनि उक्त युवा जनशक्तिलाई रोजगारी प्रदान गर्न नसकिँदा एकातर्फ गरिबी न्युनीकरण हुन सकिरहेको छैन भने अर्कातर्फ उपलब्ध स्रोत साधनका समुचित परिचालन हुन नसकेको तीतो यथार्थ हाम्रो सामु छ । युवाहरुलाई उपलब्ध स्रोत साधनको परिचालन गरी रोजगारी सिर्जनामार्फत गरिबी न्युनीकरण गर्ने खालका युवा लक्षित कार्यक्रमहरु ल्याइने छ ।

१७. जलवायु परिवर्तनले विश्वलाई नै चुनौति दिइरहेको वर्तमान परिप्रेक्ष्यमा जलवायु परिवर्तनलाई तल्लो तहबाट सामना गर्ने खालका गतिविधीहरुलाई प्रोत्साहन गरिनेछ । जलवायु अनुकुलित विकास कार्यक्रमहरु सन्चालन गरी हरित अर्थतन्त्रको प्रवर्द्धन गर्न पहल गरिनेछ । यस क्षेत्रमा वनजंगल नहुने, लामो समयसम्म हिउँ जमिरहने भएकाले यस क्षेत्रमा हुने खालका बिरुवाहरु वृक्षारोपण गर्ने, सोको लागि

डोल्पो बुद्ध गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय

संभाव्यता अध्ययन गर्ने, वोट विरुवाकाट्न नदिने, वनक्षेत्र विस्तार कार्यक्रमहरु सञ्चालन गर्ने, जंगली जीवजन्तुको अवैध हत्या, चोरी सिकारी तथा हाडखोडको अवैध पैठारीलाई रोक्ने, वातावरणीय सन्तुलन र मानवीय सुरक्षा लगायतका विषयमा कार्यक्रमहरु सञ्चालन गरिनेछ । प्राकृतिक प्रकोपसँग जुध्न सक्ने खालका कार्यक्रम सञ्चालन गर्ने , नदीनियन्त्रण, पहिरो नियन्त्रण, जलाधार संरक्षण, फोहोरमैला व्यवस्थापन, जल उत्पन्न प्रकोप नियन्त्रण लगायतका विषयलाई महत्वका साथ सम्बोधन गरिनेछ ।

१८. यस गाउँपालिका क्षेत्रभित्रका लागि तय गरिएको राजश्व उठाउने तर्फ पनि उत्तिकै पहल गरिनुका साथै यस क्षेत्र हिउँदमा हिउँ जम्ने र वस्न नसकिने हुनाले आर्थिक वर्षको शुरुमा नै योजना बनाएर काम गर्न शुरु गर्ने र समयमा नै गाउँपालिकाका कार्यक्रमहरु सम्पन्न गरिनेछ ।

१९. गर्भवती महिला र २ वर्ष सम्म का बालबालिका लाई पोषण युक्त खानाको लागि आवश्यक व्यवस्था मिलाइने छ ।

२०. यस गा.पा.मा हाल सम्म एक जना पनि सरकारी सेवामा प्रवेश नगरेको तीतो सत्यलाई मध्यनजर गरी ६ वटै वडामा एस.एल.सी (SEE) र सो भन्दा माथि योग्यता हासिल गरेका र उमेर हद ननाघेका महिला, पुरुषको तथ्यांक संकलन गरी उनीहरुलाई लोकसेवा तयारीको लागि आवश्यक पहल र आर्थिक सहयोग गरी लोकसेवा उर्त्तीण गराई स्थानिय तहमा स्थानिय व्यक्तिले सेवा प्रवाह गर्ने लक्ष लिइने छ ।

२१. यस गाउँपालिकामा रहेका ३ वटा आधारभुत विद्यालयहरुलाई आवश्यक कम्प्यूटरको व्यवस्था गरी अगामी वर्ष देखि अध्ययनरत विद्यार्थिलाई कम्प्यूटर शिक्षा अध्ययन गराउने लक्ष्य लिइएको छ ।

सभाध्यक्ष महोदय,

अब म गत आ.व. २०७४।०७५ मा सञ्चालन गरिएका कार्यक्रमहरु, सञ्चालित आयोजनाहरुको छोटकरी विवरण तथा आयव्ययको विवरण पेश गर्ने अनुमति चाहन्छु ।

गएको वर्षमा राजश्व परिचालनको हिस्सा ज्यादै न्यून थियो । केन्द्रिय अनुदान वाट कार्यक्रम संचालित थिए । समग्र पूजीगत रकम रु ८,३४,७६,३५१। परिचालीत भएको थियो । जसवाट यस गाउँपालिकाको क्षेत्र भित्र ग्रामिण सडक , घोरेटो, गोरेटो बाटो, कृषि सडक पर्यटकिय पदमार्ग, काठेपूल, खानेपानी, क्याम्पीड साइट निर्माण , महिला भवन, सेल्टर हाउस, चरण क्षेत्र संरक्षण, बालीनाली संरक्षण को लागिी घेरावार, संग्रालय भवन निर्माण, विद्यालय भवन छाना मर्मत , पुस्तकालय भवन निर्माण, कृषि तर्फ विउविजन, विषादी खरिद ढुवानी वितरण समूह गठन, समूहलाई क्षमता विकास तालीम, हरितगृह निर्माणको लागि प्लाष्टीक वितरण, सहायक सामाग्री वितरण, पशुसेवा तर्फ औषधी खरिद ढुवानी वितरण, समूह गठन, क्षमता विकास तालीम कृषकको आय आर्जनको लागी भेडी, थुमा, बोकाको लागि खरिद वितरण, स्वास्थ्य तर्फ औषधी खरिद ढुवानी, वितरण, सम्पूर्ण ल्याव टेष्ट सहितको विशेषज्ञ डाक्टर नर्सिङ अधिकृत, ल्याव टेक्नीसियन अन्य स्वास्थ्य सहायताको कार्य वृहत घुम्ती स्वास्थ्य शिविर संचालन महिलाको आयस्तर वृद्धि गराउन कुक होमस्टे तालीम, सिलाइ वुनाई का लागि तालिम संचालन , वेरोजगार युवा को लागिी सिकर्मि, डकर्मि तालीम संचालन भएको थियो, सवै वडामा घटना दर्ता सम्वन्धि चेतनामूलक कार्यक्रम, उपभोक्ता समितिका पदाधिकारीहरु लाई आवश्यक तालीम प्रदान गरिएको थियो, लोप हुन लागेका स्थानीय लोक नृत्य संस्कृती लाई जिवन्त राख्न स्थानीय संस्कृती कार्यक्रम, महिला तर्फ समूह गठन, क्षमता अभिवृद्धि तालीम जस्ता कृयाकलाप भएका छन् , जेष्ठ नागरिकलाई सम्मान स्वरुप न्यानो जाकेट खरिद वितरण लगायतका कार्यक्रम संचालन भएका थिए । यस गाउँपालिकाको एकिकृत, समावेसी र नतिजा मुखि विकास का लागी केही समन्वयन र चुनौतीहरु छन् । जुन यस प्रकार छन् :

- ✓ स्थानीय टोल, बस्ती र समुदायको परिचालन र सहभागिता बाटै सम्बोधन हुन सक्ने स-साना योजनाका मागहरु सम्बोधन गर्नुपर्ने अवस्था छ ।

डोल्पो बुद्ध गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय धो, डोल्पा

- ✓ योजना छनौट प्रक्रियामा सचेतनाको अभावले प्रतिफल नदिने र अनुत्पादक क्षेत्रका योजनाहरु माग हुने विषयमा सचेतना गराउदा पनि दोहोरी रहने अवस्था ।
- ✓ जनसहभागितामा आधारित, सन्तुलित र न्यायोचित विकास गर्ने कार्यमा चुनौती ।
- ✓ लक्षित समुहहरुमा जीवन-यापनका आधारभूत सीप प्रदान गरी आय -आर्जन वृद्धि गर्नेखालका कार्यक्रम छनौट र कार्यन्वयन गर्न चुनौती देखिएको छ ।
- ✓ सीमित स्रोत, साधन र भौगोलिक विकटता प्रतिकुल हावापानी का कारण गाउँपालिकाको पूर्वाधार तयार गरी संस्थागत विकास तथा सुधार गर्न चुनौतीपूर्ण छ ।
- ✓ पूर्वाधारको अभावमा पर्यटन प्रवर्द्धन गर्ने कार्य चुनौतीपूर्ण छ ।
- ✓ आयोजना सञ्चालनमा जनसहभागिता वृद्धि गर्दै पारदर्शीता, जवाफदेहिता, सुशासन र आयोजना प्रति अपनत्व अभिवृद्धि गर्ने कार्य चुनौतीपूर्ण देखिएको छ ।
- ✓ गाउँपालिकाको अधिकार क्षेत्रभित्रको कर संकलन गर्न गरिवीका कारण आन्तरिक आय अपेक्षित रुपमा वृद्धि गर्न असंभव देखिन्छ ।
- ✓ गाउँपालिकाको क्षमता र जन अपेक्षा बीच ठूलो अन्तर रहेको छ ।
- ✓ विकट भुगोल, सडक विहीनता, सञ्चारविहीनता र प्रतिकुल मौसमका कारण विकास गतिविधीहरु सञ्चालन , अनुगमन र मुल्यांकनको ठूलो समस्या रहेको छ ।

उल्लेखित समस्याहरुका बीच यस गाउँपालिकामा थुप्रै अवसर र सम्भावनाहरु विद्यमान छन् ।

- ❖ विगत लामो समयदेखि जनप्रतिनिधिविहीन अवस्थाको अन्त्य भई स्थानीय तहको निर्वाचनपश्चात जनप्रतिनिधीहरुको पदवहाली भइसकेकाले जनमतअनुसार द्रुत गतिमा विकासका गतिविधिहरु सञ्चालन गर्ने साथै सोको जवाफदेहिता, पारदर्शिता कायम गरी सुशासन कायम गर्न सम्भावना रहेको छ ।
- ❖ स्थानीय तहमा नै योजना बनाई कार्यान्वयन हुने भएकाले आवश्यकता र मागमा आधारित विकासको सम्भावना बढेको छ । पर्यटन प्रवर्द्धन तथा पशुपालनको माध्यमबाट स्थानीय जनताको आयस्तरमा वृद्धि गरी गरिबी न्युनीकरण गर्ने तथा समावेशी र समतामुलक विकासको प्रचुर सम्भावना छ ।
- ❖ विगतमा अपेक्षित लाभ लिन नसकिएका यार्सागुम्बा, लगायतका बहुमुल्य जडिबुटीहरु संकलन गरी बजारीकरण गर्नका लागि प्रचुर संभावना रहेको छ ।
- ❖ ग्रेट हिमालयन ट्रेल ट्रेकिङ रुट, प्रचलित गुम्बाहरु भएकाले पर्यटकीय स्थलको रुपमा विकास गर्न सम्भावना छ ।

आगामी आर्थिक वर्षको वार्षिक गाउँ विकास योजनाका प्रमुख उद्देश्यहरु यस प्रकार छन् ।

- ❖ गाउँपालिकाको आर्थिक, सामाजिक, पर्यटकीय एवं पूर्वाधार विकासको सम्भावनालाई उजागर गर्ने ।
- ❖ गाउँपालिकामा रहेको चरम गरिबी न्यूनीकरण गर्न रणनीतिक योजनाहरुको तर्जुमा गर्ने,
- ❖ गाउँपालिकाको नीतिगत, संस्थागत र भौतिक पूर्वाधार स्थापना गर्ने ।
- ❖ सुशासन प्रवर्द्धन गरी विकास आयोजना एवं कार्यक्रमहरुलाई नतिजा मुलक र उत्पादन मुलक बनाउने ।
- ❖ सामाजिक आर्थिक रुपमा पछाडि परेको वर्गहरुलाई स्वरोजगार सृजना गरी आत्म निर्भर तर्फ उन्मुख गराउने ।

सभाध्यक्ष महोदय, अब म अगामी आर्थिक वर्षको आय प्रक्षेपणको विवरण पेश गर्न चाहन्छु ।

राजश्व परामर्श समितिको सिफारिस अनुसार आगामी आ.व. २०७५।०७६ मा गाउँपालिकाले लगाउने कर तथा शुल्क, दस्तुर आदिबाट कुल १० लाख राजश्व प्राप्त हुने अनुमान गरिएको छ । आ.व. २०७५।०७६ को लागि स्वीकृत करको दर अनुसुचीमा उल्लेख गरिएको छ ।

उपस्थित महानुभावहरु,

आगामी आर्थिक वर्ष ०७५।०७६ मा यस गाउँपालिकाको लागि केन्द्रिय सरकार वाट वित्तीय समानीकरण अनुदान रु ६ करोड राजश्व वाडफाँड वाट रु ३ करोड , शर्सत अनुदान २ करोड १६ लाख गरी जम्मा ११ करोड १६ लाख, प्रदेश सरकार (कर्णाली) वाट वित्तीय समानीकरण ४७ लाख ४३ हजार राजश्व वाँडफाँड वाट रु १९ हजार गरी जम्मा रु ४७ लाख ६२ हजार गत वर्षको वित्तीय समानीकरण को संचित कोपमा रहन आउने बाँकी रु ३,११४९६५८।३९ वहुक्षेत्रीय पोपण कार्यक्रम रु १२ लाख ३५ हजार, SNV नेपाल ( स्वच्छता परियोजना) रु ४१२००। समेत कुल बजेट रु १४८७८७८८५।३९ चौध करोड सतासी लाख सतासी हजार आठ सय पचासी रुपैया उनन्चालीस पैसा) हुने अनुमान गरिएको छ । राजश्वको अनुमान रु १००००००। दशलाख भएतापनि अपेक्षित रुपमा राजश्व उठ्न सक्ने संभावना न्यून भएकोले उक्त रकम र सामाजिक सुरक्षा भत्ता रकम यसमा पेश गरिएको छैन ।

अव म व्ययको अनुमान प्रस्तु गर्न चाहन्छु । आगामी आ.व. २०७५/०७६ वर्षको कुल बजेट(सशर्त अनुदान बाहेक) रु.१२५८६१६५८।३९ मध्ये चालुतर्फ जम्मा रु.३४३९५६७० तथा पुँजीगत तर्फ रु.९१४६५९८८।३९ विनियोजन गरिएको छ । आय-व्यय विवरण तथा कार्यक्रम र आयोजनाहरुको विस्तृत विवरण अनुसूचिमा संलग्न गरेको छु । प्रस्तुत नीति तथा कार्यक्रमहरुको कार्यान्वयनवाट गाउँपालिका क्षेत्रको आर्थिक, सामाजिक एवं पूर्वाधार विकासको सम्भावना उजागर भई समुदायमा आधारित समावेशी विकासको आधार खडा हुने अपेक्षा लिइएको छ ।

आदरणीय उपस्थित सम्पूर्ण महानुभावहरु,

यस गाउँपालिकाको तेस्रो गाउँसभाद्वारा पारित वार्षिक बजेट, नीति र कार्यक्रमहरु सार्वजनिक गर्न आयोजित यस समारोहमा आफ्नो कार्य प्रति अभिप्रेरित गर्ने प्रमुख अतिथिज्यू लगायत सम्पूर्ण अतिथिज्यूहरु प्रति हार्दिक कृतज्ञता व्यक्त गर्न चाहन्छु । त्यसैगरी तेस्रो गाउँसभाको तयारीको क्रममा विभिन्न चरणमा आफ्नो अमूल्य सुझाव र सहयोग सहित सहभागि हुनु भएका गाउँपालिकाका सम्पूर्ण जनसमुदायहरु, गाउँपालिकाका अध्यक्षज्यू, गाउँपालिकाका प्रमुख प्रशासकिय अधिकृतज्यू, वडाध्यक्ष ज्यूहरु गाउँपालिकाका सदस्य ज्यूहरु, विषयगत समितिका संयोजक तथा सदस्य ज्यूहरु, गाउँपालिकाका कर्मचारु वन्धुहरु, विभिन्न विषयगत कार्यालयका प्रमुख एवं प्रतिनिधि, दातृ निकाय, गै.स.स., नागरिक समाज, पत्रकार मित्रहरु लगायत अन्य सम्पूर्ण सरोकारवालाहरुमा समेत हार्दिक आभार व्यक्त गर्न चाहन्छु । त्यसै गरी सहभागितात्मक योजना तर्जुमाको प्रक्रियाको शुरुवात संगै आजको यस सार्वजनिकीकरण समारोहलाई सफलता पूर्वक सम्पन्न गर्ने समयसम्म गाउँपालिकाका सम्पूर्ण कर्मचारीहरु तथा पदाधिकारीहरुले पुऱ्याएको योगदानका लागि उच्च मुल्यांकन गर्दै आभार प्रकट गर्न चाहन्छु ।

अन्त्यमा प्रस्तुत योजना, नीति र कार्यक्रमहरुको सफल कार्यान्वयनमा सबैबाट रचनात्मक सहयोग प्राप्त हुने विश्वास लिँदै बजेट कार्यान्वयनमा सबैबाट रचतात्मक सहयोग प्राप्त हुने विश्वास लिँदै विदा हुन अनुमति चाहन्छु ।

मलम टसी गुरुङ
उपाध्यक्ष
डोल्पो बुद्ध गाउँपालिका, धो डोल्पा

धन्यवाद !!!!!!!!!